# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्या: २०/०७९/०८०  मिति:२०८०/०१/०६

अध्यक्षता: नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थिति:

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिता राम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**मिति २०८० साल बैसाख ६ गते बसेको नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।**

**१. नदीजन्य पदार्थ उत्खननका लागि हेभी मेसिनरी उपकरण सञ्चालन सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाका आइ.इ.इ. गरेका नदीहरुबाट नदीजन्य पदार्थ उत्खनन, संकलनका लागि ठेक्का प्राप्त एन.आर.एन.एन. कन्क्रिट उद्योग प्रा.लि.ले अर्जुनधारा नगरपालिकाको टाङटिङ ठूलो नेते लगायतका नदीहरुबाट नदीजन्य पदार्थ उत्खनन संकलनका लागि मेसिनरी उपकरण सञ्चालन गर्न अनुमतिका लागि नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गरेको ।जिल्ला विपद् व्यवस्थापन समिति, झापाको मिति २०७९/१२/२४ गतेको बैठकबाट यस नगरपालिका भित्रका टाङटिङ, नेते लगायतका नदीहरुमा न्यून मात्रामा नदीजन्य पदार्थ उत्खनन भई अत्याधिक मात्रामा नदीजन्य पदार्थ थुप्रिएकाले मनसुनको समयमा बाढी आउँदा नदीले धार परीवर्तन गरी बस्तीतर्फ पस्न सक्ने भएकाले २०८० बैसाख मसान्त अगावै मेसिनरी उपकरण प्रयोग गरी आइ.इ.इ. गरी तोकिएका क्षेत्रहरुबाट ढुङ्गा गिटी बालुवा लगायतका नदीजन्य पदार्थ उत्खनन संकलन गर्न गरी अनुमति सहित लेखी आएको, साथै वडा नं ४ मा मिति २०८० साल बैसाख ६ गते बसेको वडास्तरीय सर्वदलीय बैठकबाट वडा नं ४ मा पर्ने टाङटिङ नदीमा मेसिन प्रयोग गरी नदीजन्य पदार्थ उत्खननका लागि सर्वसम्मत निर्णय भई अनुरोध भई आएको र सो सम्बन्धमा मिति २०८० साल बैसाख ६ गते विहान बसेको नगरस्तरीय सर्वदलीय बैठकले हाललाई वडा नं ४ मा पर्ने टाङटिङ पुल पूर्वी क्षेत्रबाट दहिझोडासम्म आइ.इ.इ. गरी तोकिएका क्षेत्रमा प्रचलित मापदण्ड प्रतिकुल नहुने गरी मेसिन प्रयोग गर्ने र सो कार्यको निरन्तर अनुगमन गर्न सर्वसम्मत निर्णय सहित अनुरोध भई आएकाले हाललाई वडा नं ४ मा पर्ने टाङटिङ नदीको आइ.इ.इ. गरी तोकिएका क्षेत्रमा प्रचलित मापदण्ड प्रतिकुल नहुने गरी मेसिन प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

साथै, वडा नं ४ को टाङटिङ पुल दक्षिण जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई, बिराटनगरको बजेटबाट टाङटिङ नदीको भाङ्गबारी खण्ड पुल दक्षिण अनुमानित ३६० मिटर तटबन्धन गर्ने आयोजना सञ्चालनका लागि मेसिनरी उपकरण सञ्चालन गर्न आवश्यकता भई टाङटिङ नदी नियन्त्रण उपभोक्ता समिति, अर्जुनधारा-४ ले मेसिन उपकरण सञ्चालन गर्न अनुमतिका लागि सर्वदलिय बैठकको निर्णय सिफारिस सहित अनुरोध प्राप्त भएकाले उक्त क्षेत्रमा मेसिन उपकरण सञ्चालन गर्न अनुमतिका दिने निर्णय गरियो ।

**२. प्रहरीलाई प्रोत्साहन सुविधा तथा गाडी मर्मत सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका क्षेत्रहरुबाट अनाधिकृत रुपमा नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसार गर्ने सवारी साधन पक्राउ गरी जरिवाना गराउने प्रहरीलाई प्रोत्साह बापत जरिवाना रकमको ४० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।साथै, प्रहरी चौकी शनिश्चरेले प्रयोग गरिरहेको जीप मर्मतका लागि रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**३. बालविवाह अन्त्यका लागि किशोरी सशक्तिकरण कार्यक्रमका लागि विद्यालय छनौट सम्बन्धमा ।**

कोशी प्रदेश सरकारबाट बालविवाह अन्त्यका लागि किशोरी सशक्तिकरण कार्यक्रम सञ्चालनका लागि चालु आर्थिक वर्ष २०७९/०८० मा प्राप्त बजेटबाट सिंहदेवी माध्यमिक विद्यालय, अर्जुनधारा-१ मा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

४. **भ्रमण अनुमोदन सम्बन्धमा ।**

नगर प्रमुखज्यूबाट मिति २०७९/१२/१३ देखि २०७९/१२/२८ गतेमसम्म काठमाडौं स्थित संघीय सरकारका विभिन्न मन्त्रालय, विभाग लगायत विकास साझेदार निकायहरु गई आगामी आर्थिक वर्षको बजेटमा यस नगरपालिकाका लागि विभिन्न योजनाहरुका लागि डेलिगेसन तथा लबिङ्ग गरेको तथा उक्त भ्रमणबाट आगामी आर्थिक वर्षमा विभिन्न विकास आयोजनाहरुका लागि संघीय सरकारका विभिन्न निकायहरुबाट सकारात्मक प्रतिक्रिया प्राप्त गर्नु भएको विषय बैठकमा जानकारी गराउनु भयो । उक्त भ्रमण कार्यक्रममा सहभागी नगरप्रमुखज्यू लगायत वडा नं ११ का अध्यक्ष श्री खगेन्द्र इङ्गनाम, प्रेस संयोजक श्री नन्दलाल खतिवडाको भ्रमण अनुमोदन गरियो ।

५. **नामावली स्वीकृत सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका, २ नं वडा कार्यालयको च.नं.९५० मिति २०७९/१२/२७ को पत्रबाट वडास्तरीय कार्यक्रम अन्तर्गत स्वास्थ्य विमा कार्यक्रमका लागि  छनौट भएका व्यक्तिहरुको नामावली स्वीकृतिका लागि पठाइएकोमा उक्त नामावली स्वीकृत गर्ने निर्णय गरियो ।

६. **योजना सम्झौताको म्याद थप सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को लागि स्वीकृत भएका उपभोक्ता समितिहरु मार्फत सञ्चालन गरिने केही आयोजनाहरु विभिन्न कारणले सम्झौता हुन नसकेकाले केही दिन म्याद थप गर्ने विषयमा छलफल हुँदा यसरी सम्झौता गर्न छुटेका आयोजनाहरु सम्झौताका लागि अन्तिम पटकका लागि मिति २०८० बैसाख १५ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।